मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५ ०२ २३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा यस कार्यालयको निर्णयानुसार देहायका शिर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

आन्तरिक आय ठेक्का विवरण

आय ठेक्का नं.	ठेक्काको विवरण	आ.व. ०७५ ७६ को लागि निर्धारण गरिएको परिमाण घनफिट (बिक्री)	आ.व. ०७५ ७६ को लागि निर्धारण गरिएको परिमाण घनफिट निकासी	बिक्री दर वातावरण शुल्क सहित प्रति घनफिट रु.	निकासी दर वातावरण शुल्क सहित प्रति घनफिट रु.	बिक्री शुल्क बापतको न्यूनतम अंड	निकासी शुल्क बापतको न्यूनतम अंड	कूल न्यूनतम अंड (कर तथा मू.अ.कर बाहेक)	बोलपत्र दरभाउपत्र दस्तुर	धरौटी
बिक्री तथा निकासी बाट आय : ढुंगा , गिटी, बालुवा, रोडा, माटो ग्राभेल चिप्स										
MMSI/2075-76/01	इन्द्रावती नदी तर्फ मेलम्ची न.पा.को फटकाशिला देखि माथि मेलम्ची न.पा. सम्मको क्षेत्र । (उत्खनन बिक्री तथा निकासी कर ।	३००००००	२८०००००	३.५	३.५	१०५०००००	९८०००००	२०३०००००	१००००	कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तमा १२० दिन म्याद भएको बैंक जमानत
MMSI/2075-76/02	सडक मर्मत संभार शुल्क आय संकलन (मेलम्ची नगरपालिका भित्रका सम्पूर्ण क्षेत्र)	ठूला ट्रक, टिपर प्रति ट्रिप रु. ३००/- आइचर प्रति ट्रिप रु. २००/- , निसान प्रति ट्रिप रु. १५०/- र ट्रयाक्टर लगायत अन्य साना साधन रु. १००/- का दरले सडक मर्मत संभार शुल्क बापत रकम संकलन गर्ने ।						१७५०००००	५०००	
MMSI/2075-76/03	**सवारी प्रवेश शुल्क संकलन** १.ढाँडखोला मेलम्ची तालामाराङ सडक, २. फट्केश्वर छाप भञ्ज्याङ सडक, ३. मेलम्ची नवलपुर सडक, ४.मेलम्ची तिपेनी सडक, ५.मेलम्ची ज्यामिरे सडक, ६.मेलम्ची दुवाचौर सडक, ७.भोटेचौर काउलेदोभान बाहुनेपाटी सडक, ८.तालामाराङ थकनी सडक, ९.मेलम्ची कटुञ्जे धुसेनीचौर सडक, १०.सिन्धुखोला भोटेचौर सडक । मेलम्ची न.पा. क्षेत्र भित्र पर्ने ।	ठूला बस भ्यान ट्रक रु. ५०/- , मिनिबस मिनिट्रक रु. ३०/- , अन्य सवारी साना सवारी साधन रु. २०/-						६००००००	५०००	

ठेक्का सम्बन्धी शर्तहरु :-

१. माथि उल्लेखित ठेक्का नं. MMSI/2075-76/01 को बोलपत्र भर्दा बिक्री शुल्क र निकासी शुल्क छुट्टाछुट्टै कबोल अङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ । साथै उक्त आय ठेक्काहरुमा बिक्री शुल्क र निकासी शुल्क जुन कबोल अङ्क बढी हुन्छ, सो कबोल कर्तांको बोलपत्र (बिक्रीको छुट्टै र निकासीको छुट्टै । तालिका बनाई बढी अङ्क कबोल गर्नेको आंशिक रुपमा मात्र पनि बोलपत्र स्वीकृत गर्न सकिनेछ । कबोल रकम अङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ ।

२. ठेक्का अवधि २०७५ सालको श्रावण १ गते देखि २०७६ साल आषाढ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निर्देश गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ ।

३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंङ्को थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा चुकाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको **ने.बै.लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००००३००००४** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि मने छुट दिइनेछैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **ने.बै.लि., मेलम्ची शाखामा रहेको खाता नं. १६८०३०००००००४००१००४** मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा मेलम्ची नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । उपरोक्त बमोजिमका आय ठेक्का नं. MMSI/2075-76/01 को हकमा PPMO को वेभ साइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ । साथै आय ठेक्का नं. MMSI/2075-76/02 र MMSI/2075-76/03 को हकमा PPMO को वेभ साइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत वा सिधै शिलबन्दी बोलपत्र मध्ये कुनै एक विधिबाट बोलपत्र पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे मेलम्ची नगरपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. सवारी साधन प्रवेश शुल्क तर्फ मेलम्ची न.पा.सग भएका सम्पूर्ण सवारी साधन, एम्बुलेन्स तथा शव वाहन, सरकारी तथा कूटनीतिक नियोगका सवारी साधन संचालनमा ठेक्का लिने पक्षले पटके सवारी प्रवेश कर लिन पाउने छैन ।

११. पटके सवारी प्रवेश शुल्क दिनमा आते जातेलाई एक पटक मानी कर लिन पाइनेछ ।

१२. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नगरेका बोलपत्रहरु मूल्याकनमा समावेश गरिने छैन ।

१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत